संघीय संसद

राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समिति

## तहगत राज्य संरचनाको विकासमा समन्वय विषयक

# प्रादेशिक अन्तरक्रिया कार्यक्रम सम्बन्धी प्रतिवेदन

## परिच्छेद - १

# प्रारम्भिक

### १.१ समितिको संक्षिप्त परिचय :

सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन, मूल्याङ्कन गरी आवश्यक राय सल्लाह तथा निर्देशन दिन राष्ट्रिय सभा नियमावलीको नियम १४७ (१) बमोजिम गठित विषयगत समितिहरु मध्ये एक महत्वपूर्ण समितिको रुपमा **राष्ट्रिय सरोकार तथा समन्वय समिति** रहेको छ । यस समितिलाई **राज्यको तहगत संरचनाको विकासमा समन्वयको अवस्था, समन्यायिक विकासको अवस्था, पिछडिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय सम्पदा, राष्ट्रिय गौरवका आयोजना, परराष्ट्र सम्बन्ध, सन्धि सम्झौताको कार्यान्वयनको अवस्था, राष्ट्रिय सुरक्षा, मानवअधिकार र संवैधानिक आयोग सम्बन्धी विषयमा भए गरेका काम कारवाहीको अनुगमन, मूल्याङ्कन गरी सुझाव तथा निर्देशन दिन सक्ने** अधिकार राष्ट्रिय सभा नियमावलीले प्रदान गरेको छ । राष्ट्रिय सभालाई निर्वाचित गर्ने, प्रदेश तथा स्थानीय तहसँग समन्वय गर्ने महत्वपूर्ण जिम्मेवारी समेत नियमावलीले यस समितिलाई दिएको छ । सरकारका काम कारवाहीको निगरानी एवम् अनुगमन, मूल्यांकन तथा निर्देशन गर्ने मुख्य जिम्मेवारी समेत नियमावली बमोजिम राष्ट्रिय सरोकार तथा समन्वय समिति लाईनै रहेको छ ।

राष्ट्रिय सभावाट यस समितिको गठन भए पश्चात् समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका विषयमा सम्बन्धित मन्त्री, सम्बन्धित निकायका प्रमुख तथा प्रतिनिधिहरु लगायत सरोकारवालाहरुसंग छलफल गरी आवश्यक सुझाव निर्देशन दिने, स्थलगत अध्ययन, अनुगमन एवंम सरोकारवालाहरुसंग अन्तरक्रिया गरि सुझाव तथा निर्देशन सहितको प्रतिवेदन पेश गर्ने, सरकारका कामकारवाहिको निरन्तर निगरानी गर्ने, समसामयिक विषयमा समितिमा छलफल गरि आवश्यक सुझाव तथा निर्देशन दिने लगायतका काम गरिरहेको छ ।  हाल यस समितिमा देहाय बमोजिमका मा० सदस्यहरु रहनुभएको छ ।

| क्र.सं. | नाम | पद | क्र.सं. | नाम | पद |
|---|---|---|---|---|---|
| १ | मा० दिलकुमारी रावल थापा (पार्वती) | सभापति | ८ | मा० धन कुमारी खतिवडा | सदस्य |
| २ | मा० इन्दु कडरीया | सदस्य | ९ | मा० बद्री प्रसाद पाण्डे | सदस्य |
| ३ | मा० कोमल वली | सदस्य | १० | मा० रमेश प्रसाद यादव | सदस्य |
| ४ | मा० खिम लाल भट्टराई | सदस्य | ११ | मा० राज कुमार कुवर | सदस्य |
| ५ | मा० खेमराज नेपाली | सदस्य | १२ | मा० रामचन्द्र राई | सदस्य |
| ६ | मा० जीवन बुढा | सदस्य | १३ | मा० रामपृत पासवान | सदस्य |
| ७ | मा० दिपा गुरुङ | सदस्य | १४ | मा० सुरेन्द्र राज पाण्डे | सदस्य |

**१.२ अन्तरक्रिया कार्यक्रमको आवश्यक्ता :**

राष्ट्रिय सभा प्रदेश तथा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुबाट निर्वाचित हुने संसद हो । यसर्थ राष्ट्रिय सभाले संघीय संसदमा स्थानीय तह तथा प्रदेशको समेत प्रतिनिधित्व गर्दछ । छिमेकि मुलुक भारतमा माथिल्लो सदनलाई राज्यसभाकै नामले चिनिन्छ । द्विसदनात्मक व्यवस्थापिका रहने हरेक मुलुकहरुमा राष्ट्रिय सभाको गठनमा उक्त मुलुकका प्रादेशिक संरचनाको प्रतिनिधित्वलाई प्रथम स्थान दिएको पाईन्छ । यसर्थ प्रदेश तथा स्थानीय तहहरु विच समन्वय र समन्यायिक विकासको लागि राष्ट्रिय सभाले विशेष जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७(१) ले उक्त जिम्मेवारी राष्ट्रिय सरोकार तथा समन्वय समितिलाई प्रदान गरेको छ ।

संघीय शासन व्यवस्था नेपालको लागि नौलो अभ्यास हो । संविधान सभावाट पारित नेपालको संविधान जारी भए पश्चात संघ, प्रदेश र स्थानीय तीनै तहको निर्वाचन सम्पन्न भई तहगत सरकारहरु गठन भएको सन्दर्भमा संघ, प्रदेश तथा स्थानीय तह बीचको समन्वय, कानून निर्माण, स्रोत संकलन तथा बाँडफाँड, आयोजनाहरुको कार्यान्वयन लगायतका बिषयमा तहगत सरकारहरु बीच निरन्तर सम्वाद, समन्वय र सहकार्य हुन नसकेको अवस्थामा समन्वयको जिम्मेवारी पाएको यस समितिले प्रतिनिधिमूलक रुपमा तीनै तहका सरकार बीच अन्तरक्रिया गराई छलफल तथा सम्वाद मार्फत् विद्यमान अवस्थामा देखिएका समस्या, गुनासो, एक आपसमा अपेक्षित भूमिका, सहकार्यका विषय र क्षेत्रहरु तथा समन्वयका तौरतरिका सम्बन्धमा सरोकारवालाहरु बाट व्यबहारिक सुझावहरु प्राप्त गरि कानून निर्माण, स्रोत विनियोजन, योजना तर्जुमा लगायतका विषयमा सरकारलाई सुझाव दिन तहगत राज्य संरचनाको विकासमा समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रम तत्काल गर्न आवश्यक परेको हो ।

हाम्रो देशका संघीयताको मोडल समन्वय सहकार्य र सहअस्तीत्वमा आधारित रहेको कारण संघीयताको सफल कार्यान्वयनका लागि आपसी सम्वाद समन्वय र सहकार्य अपरिहार्य हुन्छ । यसका लागि पनि प्रादेशिक अन्तरक्रिया कार्यक्रम मार्फत तहगत सरकारहरुको बीच सम्वादको वातावरण सृजना गर्न समितिले यस्ता कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्नु अपरिहार्य छ । संघीय संसद तथा प्रदेश सभाहरुले विभिन्न कानूनहरुको तर्जुमा गरीरहेको, अझै पनि कतिपय महत्वपूर्ण कानून बनि नसकेको र बन्ने प्रक्रियामा रहेको अवस्थामा ति कानूनहरुमा संघीयता कार्यान्वयनको क्रममा देखापरेका व्यवहारिक कठिनाईहरुको कानूनतः समाधानको व्यवस्था गर्न समेत यो समितिको प्रादेशिक अन्तरक्रिया कार्यक्रम समयानुकूल एवम अत्यावश्यक थियो । प्रादेशिक अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, नेपाल सरकारका कानून न्याय तथा संसदीय मामिला मन्त्रीज्यू, राष्ट्रिय सभाका माननीय उपाध्यक्षज्यू, राष्ट्रिय सरोकार तथा समन्वय समितिका मा० सभापति, समितिका मा० सदस्यहरु, प्रदेश सभाका मा०सभामुख, प्रदेश सरकारका मा०मन्त्रीहरु, प्रदेश सभाका मा०उपसभामुख, प्रदेश सभाका पदाधिकारी तथा मा०सदस्यहरु, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख स्थानीय तहका प्रमुख, उपप्रमुख, जि. स. स., नगरपालिका तथा गाउँपालिका महासंघका प्रतिनिधिहरु, राष्ट्रिय सरोकार तथा समन्वय समितिमा कार्यरत कर्मचारीहरु लगायत नेपाल सरकारका विभिन्न तहका कर्मचारीहरु, प्रदेश सरकार र प्रदेश सभामा कार्यरत कर्मचारीहरु, स्थानीय तहका कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो ।

**१.३ अन्तरक्रिया कार्यक्रमको उद्देश्य :**

राष्ट्रिय सरोकार तथा समन्वय समितिले सात वटै प्रदेशमा तीनै तहका सरकारका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न गरेको प्रादेशिक अन्तरक्रिया कार्यक्रमका उदेश्य देहाय बमोजिम रहेका थिए :-

१. तहगत सरकारहरु बीच निरन्तर वहस, छलफल एवंम समन्वय र सहकार्यको वातावरण सृजना गर्नु
२. संघीयता कार्यान्वयनको क्रममा देखा परेका व्यवहारिक,प्रक्रियागत एंवम कानूनी समस्याहरु पहिचान गर्नु

३. तहगत सरकारहरुको क्षेत्राधिकार, सीमा, दायित्व एवंम जिम्मेवारी सम्बन्धमा छलफल गरी संघीयताको सफल कार्यान्वयनको लागि तहगत सरकारको अपेक्षित भूमिका किटान गर्नु,
४. कानून निर्माण, स्रोत विनियोजन, योजना तर्जुमा, कर्मचारी व्यवस्थापन लगायतका पक्षमा संघीयताको मर्म र तहगत सरकारको आवश्यकता अनुकूल व्यवस्था गर्न सुझावहरु प्रदान गर्नु,
५. राज्य शक्तिको बाँडफाँडमा देखिएका अस्पस्टता हटाउन संघ र प्रदेशबीचको व्यवस्थापकीय अन्तरसम्बन्ध, प्रदेश-प्रदेश बीचको न्यायिक सम्बन्ध, संघ, प्रदेश र स्थानीय तह बीचको व्यवस्थापकीय र कार्यपालिकीय सम्बन्ध र समन्वय सम्बन्धी कानून निर्माणलाई समावेश हुनुपर्ने विषयहरु किटान गर्नु,
६.संघ, प्रदेश र स्थानीय तहमा साझा अधिकारको सूचीका विषय तथा अवशिष्ट अधिकार सम्बन्धमा देखा परेका समस्याको निराकरणका उपाय खोज्नु,
७.संघीयताको सफल कार्यान्वयन, सन्तुलित विकास र सम्बृद्ध नेपाल निर्माणको लागि समितिले समन्वयकारी भूमिका निर्वाह गर्नु ।

## परिच्छेद - २

# प्रादेशिक अन्तरक्रिया कार्यक्रमहरु

समितिले सात वटै प्रदेशमा आयोजना गरेको तहगत राज्य संरचना विकासमा समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रम हरेक प्रदेशमा एकै ढाँचामा सञ्चालन भएको थियो । कार्यक्रमको पहिलो सत्र उद्घाटन सत्रको रुपमा सञ्चालन गरिएको थियो । उक्त सत्रमा कार्यक्रम हुने प्रदेशबाट राष्ट्रिय सरोकार तथा समन्वय समितिमा प्रतिनिधित्व गर्नुहुने एकजना मा० सदस्यले स्वागत मन्तव्य दिनुभएको, समितिकै अर्को एकजना सदस्यले अन्तरक्रिया कार्यक्रमको उदेश्य सम्बन्धमा स्पष्ट पार्नुभएको, सम्बन्धित प्रदेशका प्रदेश सभाका सभामुखले शुभकामना मन्तव्य राख्नुभएको, प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री र आर्थिक मामिला तथा योजना मन्त्रीले समेत मन्तब्य राख्नुभएको थियो । प्रमुख अतिथिको मन्तव्य पश्चात राष्ट्रिय सरोकार तथा समन्वय समितिका मा० सभापतिले आफ्नो मन्तव्य सहित अन्तरक्रिया कार्यक्रमको पहिलो सत्र (उद्घाटन सत्र) समापन गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा विषय विज्ञको रुपमा संविधान सभा सदस्य रमेश लेखकले तहगत राज्य संरचनामा कानून निर्माणको र संविधानसभा सदस्य खिमलाल देवकोटाले संघीयता कार्यान्वयन तहगत राज्यको भूमिका, अन्तर सम्बन्ध र व्यवस्थापनका चुनौतिहरु विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उपरोक्त कार्यपत्रहरु अनुसूची १ मा संलग्न गरिएको छ ।

विज्ञबाट कार्यपत्र प्रस्तुत भए पश्चात कार्यक्रमका सहभागीहरुलाई प्रत्येक समूहमा संघ, प्रदेश तथा स्थानीय गरि तीनै तहको प्रतिनिधित्व हुने गरी जम्मा ५ समूहमा विभाजन गरिएको थियो । जस मध्ये समूह १ मा तहगत संरचनाको कानून निर्माण सम्बन्धी विषय, समूह २ मा संगठनात्मक संरचना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी विषय समूह ३ मा संघ तथा प्रदेशवाट प्राप्त अनुदान र आन्तरिक स्रोत परिचालन सम्बन्धी विषय, समूह ४ मा आयोजना ब्यवस्थापन, प्राकृतिक स्रोतको प्रयोग र दिगो विकासमा तहगत सरकारको भूमिका सम्बन्धी विषय तथा समूह ५ मा संघीयताको सफल कार्यान्वयनका लागि संघ, प्रदेश तथा स्थानीय तहको भूमिका र अन्तरसम्बन्ध सम्बन्धी विषयका शीर्षकमा विभिन्न पक्षहरु समेटिएका प्रश्नावलीहरु भर्न लगाइएको थियो । प्रत्येक समूहमा राष्ट्रिय सरोकार तथा समन्वय समितिका एक/एकजना मा० सदस्य र समितिमा कार्यरत कर्मचारीहरुले समन्वयकर्ताको रुपमा रहि विषयवस्तुको उठान एवंम समन्वय गर्ने काम गर्नुभएको थियो । समूहगत छलफल पश्चात प्रत्येक समूहबाट एक एक जना टोली नेताले समूहको निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरेका थिए । सहभागीहरुको उपस्थीति विवरण अनुसूची २ मा र सहभागीहरुले भरेका प्रश्नावलीहरु अनुसूची ३ मा राखिएको छ ।

सात वटै प्रदेशमा सम्पन्न भएका प्रादेशिक अन्तरक्रिया कार्यक्रमहरुको विस्तृत विवरण देहाय बमोजिम रहेको छ ।

# <u>प्रादेशिक अन्तरक्रिया कार्यक्रमहरुको विवरण</u>

| मिति | प्रदेश | स्थान | सहभागी समितिका मा० सदस्यहरु तथा सचिवालयका कर्मचारीहरु | प्रमुख अतिथि | विशेष अतिथि | कार्यपत्र प्रस्तोता | आमन्त्रित | वक्ताहरु | सहभागी हरु | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | संघ | प्रदेश | स्थानीय | जम्मा |
| २०७५।१०।२४ | २ | जनकपुर | मा० दिलकुमारी रावल थापा (पार्वती)<br>मा० खिम लाल भट्टराई<br>मा० रमेश प्रसाद यादव<br>मा० रामचन्द्र राई<br>मा० रामपृत पासवान<br>मा० सुरेन्द्र राज पाण्डे<br>राष्ट्रिय सभाको सचिव श्री राजेन्द्र फुयाल<br>समिति सचिव श्री सुदर्शन कुईकेल<br>उपसचिव श्री त्रिबिक्रम पराजुली<br>ना. सु. श्री निरज पन्थी<br>का स. श्री कृष्ण बहादुर लामिछाने | राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना | प्रदेश सभाका सभामुख मा० सरोज कुमार यादव | रमेश लेखक (संविधानसभा सदस्य)<br>खिमलाल देवकोटा (संविधानसभा सदस्य) | प्रदेश सभाका मा० सभामुख, प्रदेश सरकारका मा० मन्त्रीहरु प्रदेश सभाका मा० उपसभामुख, प्रदेश सभाका विपक्षी दल लगायत अन्य दलका नेता, प्रदेश सभाका सवै समितिका मा० सभापतिहरु, प्रदेश सभाका संसदीय दलका सवै सचेतकहरु लगायत प्रदेश सभाका मा० सदस्यहरु, राष्ट्रिय सभाका सचिव, प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश सभाका सचिव, प्रदेशका विभिन्न मन्त्रालयका सचिवहरु, प्रदेश अन्तर्गतका विभिन्न जिल्लाका जि.स.स मध्येबाट प्रमुख र उपप्रमुखहरु ( प्रतिनिधिमूलक रुपमा), प्रदेश अन्तर्गतका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका मेयर र उपमेयरहरु ( प्रतिनिधिमूलक रुपमा), प्रदेश अन्तर्गतका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु ( प्रतिनिधिमूलक रुपमा), प्रदेश अन्तर्गतका | स्वागत मन्तव्य : मा० रमेश प्रसाद यादव<br>उदेश्य माथी प्रकाश : मा० खिम लाल भट्टराई<br>मन्तव्य मा० विजय कुमार यादव<br>आन्तरिक मामिला तथा कानून मन्त्री | २० | ३५ | ५० | १०५<br>पु ९०<br>म १५ |
| २०७५।१०।२७ | १ | विराटनगर | मा० दिलकुमारी रावल थापा (पार्वती)<br>मा० खेमराज नेपाली<br>मा० रमेश प्रसाद यादव<br>मा० रामचन्द्र राई<br>मा० रामपृत पासवान<br>मा० सुरेन्द्र राज पाण्डे<br>राष्ट्रिय सभाको सचिव श्री राजेन्द्र फुयाल<br>समिति सचिव श्री सुदर्शन कुईकेल<br>उपसचिव श्री त्रिबिक्रम पराजुली<br>ना. सु. श्री निरज पन्थी<br>का स. श्री कृष्ण बहादुर लामिछाने | कानून,न्याय तथा संसदीय मामिला मन्त्री मा० भानुभक्त ढकाल | राष्ट्रिय सभाका माननीय उपाध्यक्ष शशिकला दाहाल<br>प्रदेश सभाका सभामुख मा० प्रदीप कुमार भण्डारी | रमेश लेखक (संविधानसभा सदस्य)<br>खिमलाल देवकोटा (संविधानसभा सदस्य) | | स्वागत मन्तव्य : मा० खेमराज नेपाली<br>उदेश्य माथी प्रकाश : मा० सुरेन्द्र राज पाण्डे<br>मन्तव्य मा० हिक्मत कार्की<br>आन्तरिक मामिला तथा कानून मन्त्री | १३ | २८ | २७ | ५८<br>पु ४४<br>म १४ |
| २०७५।११।०८ | ५ | बुटवल | मा० दिलकुमारी रावल थापा (पार्वती)<br>मा० खिम लाल भट्टराई<br>मा० धन कुमारी खतिवडा<br>मा० राज कुमार कुवर<br>समिति सचिव श्री सुदर्शन कुईकेल<br>उपसचिव श्री त्रिबिक्रम पराजुली<br>ना. सु. श्री निरज पन्थी | कानून,न्याय तथा संसदीय मामिला मन्त्री मा० भानुभक्त ढकाल | राष्ट्रिय सभाका माननीय उपाध्यक्ष शशिकला दाहाल<br>प्रदेश सभाका सभामुख मा० पूर्ण बहादुर घर्ती | खिमलाल देवकोटा (संविधानसभा सदस्य) | | स्वागत मन्तव्य तथा उदेश्य माथी प्रकाश :<br>मा० खिम लाल भट्टराई<br>मन्तव्य मा० कुल प्रसाद केसी<br>आन्तरिक मामिला तथा कानून मन्त्री<br>मन्तव्य मा० बैजनाथ चौधरी<br>भौतीक पुर्वाधार मन्त्री | १५ | ३० | ७५ | १२०<br>पु ७४<br>म ४६ |
| २०७५।११।१० | गण्डकी | पोखरा | मा० दिलकुमारी रावल थापा (पार्वती)<br>मा० प्रकाश पन्थ<br>मा० धन कुमारी खतिवडा<br>मा० सुरेन्द्र राज पाण्डे | राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना | प्रदेश सभाका सभामुख मा० नेत्र नाथ अधिकारी | खिमलाल देवकोटा (संविधानसभा सदस्य) | | स्वागत मन्तव्य र उदेश्य माथी प्रकाश : मा० सुरेन्द्र राज पाण्डे<br>मन्तव्य मा० किरण गुरुङ्ग<br>आर्थीक मामिला तथा योजना मन्त्री | १६ | २४ | ४० | ८०<br>पु ५०<br>म ३० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समिति सचिव श्री सुदर्शन कुईकेल<br>उपसचिव श्री त्रिबिक्रम पराजुली<br>ना. सु. श्री निरज पन्थी | | | | स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु (प्रतिनिधिमूलक रुपमा), कार्यक्रम हुने जिल्लाका प्रमुख जिल्ला अधिकारी र जिल्ला समन्वय अधिकारी जि.स.स महासंघ नगरपालिकामा महासंघ र गाँउपालिका राष्ट्रिय महासंघका प्रतिनिधिहरु स्थानीय पत्राकारहरु र सुरक्षाकर्मीहरु । | | | | | |
| २०७५।१२।०१ | कर्णाली | सुर्खेत | मा० दिलकुमारी रावल थापा (पार्वती)<br>मा० इन्दु कडरीया<br>मा० जीवन बुढा<br>मा० दिपा गुरुङ<br>मा० प्रकाश पन्थ<br>मा० सुरेन्द्र राज पाण्डे<br>समिति सचिव श्री सुदर्शन कुईकेल<br>उपसचिव श्री त्रिबिक्रम पराजुली<br>ना. सु. श्री निरज पन्थी<br>ना. सु श्री हेमप्रसाद डुम्रे | कानून,न्याय तथा संसदीय मामिला मन्त्री मा० भानुभक्त ढकाल | राष्ट्रिय सभाका माननीय उपाध्यक्ष शशिकला दाहाल<br>प्रदेश सभाका सभामुख मा० राजबहादुर शाही | खिमलाल देवकोटा (संविधानसभा सदस्य) | | स्वागत मन्तव्य :<br>मा० जीवन बुढा<br>उदेश्य माथी प्रकाश :<br>मा० सुरेन्द्र राज पाण्डे<br>मन्तव्य मा० प्रकाश ज्वाला<br>आर्थीक मामिला तथा योजना मन्त्री | १५ | ३० | ३५ | ८५<br>पु ५५<br>म ३० |
| २०७५।१२।०३ | सुदुरपश्चिम | धनगढी | मा० दिलकुमारी रावल थापा (पार्वती)<br>मा० इन्दु कडरीया<br>मा० जीवन बुढा<br>मा० दिपा गुरुङ<br>मा० प्रकाश पन्थ<br>समिति सचिव श्री सुदर्शन कुईकेल<br>उपसचिव श्री त्रिबिक्रम पराजुली<br>ना. सु. श्री निरज पन्थी<br>ना. सु श्री हेमप्रसाद डुम्रे | राष्ट्रिय सभाका माननीय उपाध्यक्ष शशिकला दाहाल | प्रदेश सभाका सभामुख मा० अर्जुन बहादुर थापा | खिमलाल देवकोटा (संविधानसभा सदस्य) | | स्वागत मन्तव्य तथा उदेश्य माथी प्रकाश :<br>मा० इन्दु कडरीया<br>मन्तव्य मा० प्रकाश बहादुर शाहा<br>आन्तरिक मामिला तथा कानून मन्त्री | १५ | ४० | ६५ | १२०<br>पु ७०<br>म ५० |
| २०७६।०१।१२ | ३ | काठमाडौं | मा० दिलकुमारी रावल थापा (पार्वती)<br>मा० कोमल वली<br>मा० खिम लाल भट्टराई<br>मा० खेमराज नेपाली<br>मा० जीवन बुढा<br>मा० धन कुमारी खतिवडा<br>मा० बद्री प्रसाद पाण्डे<br>मा० राज कुमार कुवर<br>मा० रामचन्द्र राई<br>मा० सुरेन्द्र राज पाण्डे<br>राष्ट्रिय समभाको सचिव श्री राजेन्द्र फुयाल<br>समिति सचिव श्री सुदर्शन कुईकेल<br>ना. सु. श्री निरज पन्थी<br>ना. सु श्री हेमप्रसाद डुम्रे<br>का स. श्री कृष्ण बहादुर लामिछाने | राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना | प्रदेश सभाका सभामुख मा० सानु कुमार श्रेष्ठ | रमेश लेखक (संविधानसभा सदस्य)<br>खिमलाल देवकोटा (संविधानसभा सदस्य) | | स्वागत मन्तव्य : मा० खिमलाल भट्टराई<br>उदेश्य माथी प्रकाश : मा० सुरेन्द्र राज पाण्डे<br>मन्तव्य मा० शालिकराम जम्कटेल<br>आन्तरिक मामिला तथा कानून मन्त्री | ३५ | ३२ | ६३ | १३०<br>पु ८९<br>म ४१ |

परिच्छेद - ३

# कार्यपत्र प्रस्तुतीकरण तथा समूहगत छलफलबाट प्राप्त सुझावहरु

राष्ट्रिय सरोकार तथा समन्वय समितिले सातवटै प्रदेशमा गरेको अन्तरक्रिया कार्यक्रम अन्तर्गत समूहगत छलफलको क्रममा सहभागिहरुलाई पाँचवटा समूहमा विभाजन गरि समूहगत रुपमा सुझाव लिईएको थियो । सात वटै प्रदेशमा सहभागीहरुले भरेका प्रश्नावलीहरु अनुसूची ३ मा राखिएको छ । सोहि प्रश्नावलीहरुका आधारमा प्राप्त भएका सुझावहरुको सारांश देहाय बमोजिम रहेको पाईयो ।

## ३.१.कानून सम्बन्धी विषयमा

- ✓ संघीय कानून समयमै बन्न नसकेकोले प्रदेश र स्थानीय कानून निर्माण गर्न असहज भएको ,
- ✓ संघबाट बन्ने कानूनमा केन्द्रीकृत मानसिकता हावि देखिएको,
- ✓ स्थानीय तहमा कानून समूहको कर्मचारी नभएकोले कानून निर्माणमा अप्ठ्यारो परेको साथै न्यायिक समितिको काम समेत प्रभावकारी हुन नसकेको ।
- ✓ प्रदेश लोकसेवा आयोग,प्रदेश प्रहरी, प्रदेश वित्तीय आयोग लगायतका ऐनहरु तत्काल निर्माण गर्नुपर्ने,
- ✓ संघले साझा अधिकारको सूची भित्रका विषयसंग सम्बन्धित कानून, प्रदेश तथा स्थानीय तहहरुसंग समन्वय गर्ने कानून, प्रदेश तथा स्थानीय तहहरुको लागि मापदण्ड निर्धारण गर्ने कानून, प्रहरी प्रशासन, संघीय निजामति सेवा, लोक सेवा आयोग लगायत संघको एकल अधिकारको सूची भित्रका विषयका कानून तत्काल निर्माण गर्नुपर्ने,
- ✓ प्रदेशले प्राकृतिक स्रोत साधन, प्रदेश लोकसेवा, प्रदेश प्रहरी, प्रदेश विश्वविद्यालय लगायत प्रदेशको एकल अधिकारको सूचिभित्रका विषयहरु संग सम्बन्धित कानून र स्थनीय तहहरु बीच समन्वय गर्ने कानूनहरु तत्काल निर्माण गर्नुपर्ने,
- ✓ स्थानीय तहहरुले शिक्षा, स्वास्थ्य, न्यायिक अधिकार व्यवस्थित गर्ने विषयको कानून, स्थानीय स्रोत परिचालन सम्बन्धी विषयका कानून तत्काल निर्माण गर्नुपर्ने ।

## ३.२.संगठन संरचना र कर्मचारी व्यवस्थापन सम्बन्धी विषयमा

- ✓ संघमा बढी दरबन्दी सृजना गरेर अत्याधिक कर्मचारी संघमै राख्न खोजिएको,
- ✓ स्थानीय तहमा अनुमानका भरमा कर्मचारी दरबन्दी सृजना गरिएको, स्थानीय तहको बास्तविक आवश्यकता अध्ययन नगरी संघबाटै दरबन्दी सृजना गरिएको,
- ✓ कर्मचारी समायोजनले प्रदेश र स्थानीय तहको आवश्यकता सम्बोधन गर्न असफल भएको साथै कर्मचारी समायोजनमा निश्चित सेवा, समुहका कर्मचारीको स्वार्थ हावि देखिएको र संविधानको मर्म अनुकूल कर्मचारी समायोजन हुन नसकेको,
- ✓ स्थानीय तहमा हुनुपर्ने कार्यालयहरु हालसम्म पनि स्थापना हुन नसकेको,
- ✓ प्रदेशको प्रमुख सचिव तथा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघको कर्मचारीलाई नै तोक्ने व्यवस्था संघीयताको मर्म विपरित रहेको ।

### ३.३. प्राप्त अनुदान र आन्तरिक स्रोत परिचालन सम्बन्धमा

- ✓ प्रदेश र स्थानीय तहलाई आर्थिक विकास, पूर्वाधार विकास गौरवका आयोजनाहरु आदि विषयमा अनुदानको आवश्यकता रहेको,
- ✓ कानून, संगठनात्मक संरचना तथा कर्मचारीको अभावको कारण प्राप्त स्रोतको समेत पूर्ण रुपमा परिचालन हुन नसकेको,
- ✓ स्रोत वितरण आवश्यकतामा आधारित हुनुपर्नेमा सूत्रमा आधारित रहेको, भूगोलको आधारमा भन्दा जनसंख्याको आधारमा वितरण भएको,
- ✓ सार्वजनिक खरिद ऐन तथा नियमावलीको विद्यमान व्यवस्थाले प्रक्रियागत जटिलता सृजना गरि स्रोत परिचालनमा बाधा पुऱ्याएको,
- ✓ आन्तरिक स्रोत परिचालनमा संघको प्राथमिकताको क्षेत्रमा भन्दा स्थानीय तहको प्राथमिकताको क्षेत्रमा खर्च गर्न पाउने व्यवस्था हुनुपर्ने,
- ✓ स्थानीय तह प्रत्यक्ष रुपमा सोही क्षेत्रका नागरिकलाई सेवा प्रवाह गर्ने तह भएकोले स्थानीय तहले आफ्ना सेवाग्राहिहरुबाट संकलन गरेको रोयल्टी माथी सोही तहको अग्राधिकार रहने व्यवस्था गर्नुपर्ने ।

### ३.४. आयोजना तर्जुमा कार्यान्वयनमा सरकारको भूमिका सम्बन्धमा

- ✓ संघ अन्तर्गत- राष्ट्रिय गौरवका आयोजना, दुई वटा प्रदेश जोडिएका आयोजना, छिमेकी मुलुक संग सीमा जोडिएका आयोजना, अन्तर्राष्ट्रिय लगानीका आयोजनाहरु ।

  प्रदेश अन्तर्गत- प्रदेश गौरवका आयोजना, संघले जिम्मेवारी तोकेका आयोजना, दुई वटा जिल्ला वा स्थानीय तह जोडीएको आयोजना, पहिचान र उत्पादनका योजनाहरु ।

  स्थानीय तह अन्तर्गत- स्थानीय गौरवका आयोजना, आधारभूत आवश्यकतासंग जोडीएका आयोजना, उत्पादन र आय आर्जन सम्बन्धी कार्यक्रमहरु रहनु पर्ने ।
- ✓ संघले लगानीमैत्री वातावरण सृजना गर्नुपर्ने, वित्तीय तथा प्राविधिक स्रोत उपलब्ध गराउनुपर्ने, वित्तीय हस्तान्तरण गर्नुपर्ने, अनुगमन मूल्याङ्कनमा जोड दिनुपर्ने ।
- ✓ तीन तहका बीच पहिचान, संरक्षण र दिगो विकासमा साझेदारी हुनुपर्ने ।
- ✓ आयोजनाहरु स्थानीय आवश्यकता हुदैं प्रदेश र संघ सम्म bottom-up approach मा तर्जुमा हुनुपर्ने ।
- ✓ राष्ट्रिय गौरवका आयोजनाहरुलाई आर्थिक तथा प्राविधिक स्रोत साधनको अभाव हुन नदिनेगरि व्यवस्था मिलाउनुपर्ने साथै त्यस्ता आयोजनाहरुको सफलतापूर्वक कार्यान्वयन गर्न प्रदेश तथा स्थानीयतहले समेत सदैब सहयोग गर्नुपर्ने ।
- ✓ तीनै तहले पूर्वाधार निर्माण लगायत अन्य विकासका आयोजनाहरुमा सार्वजनीक निजी साझेदारीको नीति आत्मसात गर्नुपर्ने साथै राष्ट्र निर्माण एवंम विकास र सम्बृद्धिको यात्रामा Non-State Actor हरुलाई समेत बिकासको साझेदारको रुपमा स्वीकार्दै अगाडि बढ्नुपर्ने ।

## ३.५.संघीयताको सफल कार्यान्वयनमा संघ प्रदेश र स्थानीय तहको भूमिका सम्बन्धमा

### संघको भूमिका

समयमै नीति, कानून तथा मापदण्डहरु निर्माण गर्नुपर्ने, स्रोतको न्यायोचित वितरण गर्नुपर्ने, साझा अधिकारको विषय लगायत शासन सञ्चालनका अन्य विविध विषयमा नेतृत्वदायी र नियमनकारी भूमिका हुनुपर्ने ।

### प्रदेशको भूमिका

संघ र स्थानीय तह बीच समन्वयकारी भूमिका खेल्नुपर्ने, स्थानीय आवश्यकतामा आधारित योजना तर्जूमा र सिफारिस गर्नु पर्ने, स्थानीय तहहरुसंग समन्वय र सहकार्य गर्नु पर्ने ।

### स्थानीय तहको भूमिका

स्थानीय आवश्यकता पहिचान गरी योजना तर्जुमा गर्नुपर्ने, संघ र प्रदेशले जिम्मेवारी दिएका आयोजनाको सफल कार्यान्वयन गर्ने, स्थानीय आवश्यकता पहिचान गर्नु पर्ने, स्थानीय स्रोत साधनको संरक्षण र सदुपयोग गर्नुपर्ने, स्थानीय तहहरु बीच समन्वय र सहकार्य गर्नुपर्ने, संघ र प्रदेश अन्तर्गत सञ्चालित आयोजनाहरुको सफलतापूर्वक कार्यान्वयन गर्न सहयोग गर्नुपर्ने ।

साथै संघ, प्रदेश र स्थानीय तीनै तहबीच कानूनी तथा नीतिगत विषय, आयोजना छनौट, स्रोत पहिचान र परिचालनमा निरन्तर समन्वय तथा सहकार्य हुनुपर्ने ।

परिच्छेद - ४

# समितिको सुझाव तथा निर्देशनहरु

राष्ट्रिय सरोकार तथा समन्वय समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेको **तहगत राज्य संरचनाको विकासमा समन्वय** सम्बन्धी विषयमा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वयको अवस्था, आवश्यक कानून निर्माण, स्रोत संकलन तथा बाँडफाँड, आयोजनाहरुको कार्यान्वयनको अवस्था, विद्यमान अवस्थामा देखापरेका समस्याहरु र समन्यायिक विकासमा एक-आपसमा अपेक्षित भूमिकाको सम्बन्धमा संघ, प्रदेश र स्थानीय सरकारका प्रतिनिधिहरुको उपस्थितिमा मिति २०७५।१०।२४ देखि २०७६।०१।१२ सम्म सात वटै प्रदेशमा पुगेर प्रादेशिक अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरेको छ । प्रादेशिक अन्तरक्रिया कार्यक्रमहरुमा विज्ञहरुले प्रस्तुत गरेका कार्यपत्रहरुमा प्राप्त सुझावहरु, कार्यपत्र माथिका जिज्ञासा तथा सुझावहरु, समुहगत छलफलको क्रममा उठेका विषय, निष्कर्ष तथा सुझावहरु आदिको आधारमा समितिले नेपाल सरकार, प्रदेश र स्थानीय तहहरुलाई देहाय बमोजिम सुझाव तथा निर्देशन दिएको छ :-

- ✓ साझा अधिकारको सूची भित्रका विषय संग सम्बन्धित कानून, प्रदेश तथा स्थानीय तहहरुसंग समन्वय गर्ने कानून, प्रदेश तथा स्थानीय तहहरुको लागि मापदण्ड निर्धारण गर्ने कानून, संघीय प्रहरी प्रशासन, संघीय निजामति सेवा, लोक सेवा आयोग लगायतका कानूनहरुलाई पहिलो प्राथमिकतामा राखेर चालु संसद अधिवेशन भित्रै पारित गर्नेगरी आवश्यक तयारी गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र सम्बन्धित विषयगत मन्त्रालयहरुलाई निर्देशन दिने ।
- ✓ हालै गरिएको कर्मचारी समायोजनले प्रदेश र स्थानीय तहको आवश्यकता सम्बोधन नभएको गुनासो आईरहेको सन्दर्भमा तहगत सरकारहरुको आवश्यकताको आधारमा तत्काल संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गरि आवश्यक दरवन्दी सिर्जना गर्न र अविलम्ब प्रदेश लोकसेवा आयोग गठन गरि प्रदेश लोकसेवा आयोग मार्फत कर्मचारी नियुक्त गर्ने व्यवस्था मिलाउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने ।
- ✓ प्रदेश लोकसेवा आयोग, प्रदेश प्रहरी, प्राकृतिक स्रोत साधन, प्रदेश विश्वविद्यालय लगायत प्रदेशको एकल अधिकारको सूची भित्रका विषयहरु संग सम्बन्धित कानून र स्थानीय तहहरु बीच समन्वय गर्ने कानूनहरु प्रदेशले तथा स्थानीय तहहरुले शिक्षा, स्वास्थ्य, न्यायिक अधिकार व्यवस्थित गर्ने विषयको कानून, स्थानीय स्रोत परिचालन सम्बन्धी विषयका कानून तत्काल निर्माण गर्नुपर्ने ।
- ✓ आयोजनाहरुको लागतको सिलिङ्ग अनुसार निश्चित रकम सम्मको लागतका आयोजना स्थानीय तह अन्तर्गत, सो भन्दा माथिल्लो सिलिङ्ग सम्मका प्रदेश अन्तर्गत र त्यस भन्दा बढी लागतका आयोजनाहरु संघ अन्तर्गत रहने गरि वैज्ञानीक मापदण्ड निर्धारण गर्नुपर्ने । साथै

  <u>संघ अन्तर्गत</u> :- राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय महत्वका आयोजना,दुई वटा प्रदेश जोडिएका आयोजना, छिमेकी मुलुक संग सीमा जोडिएका आयोजना, अन्तर्राष्ट्रिय लगानीका आयोजनाहरु

प्रदेश अन्तर्गत :- प्रदेश गौरवका आयोजना, संघले जिम्मेवारी तोकेका आयोजना, दुई वटा जिल्ला वा स्थानीय तह जोडिएको आयोजना, पहिचान र उत्पादनका योजनाहरु ।

स्थानीय तह अन्तर्गत :- स्थानीय गौरवका आयोजना, आधारभूत आवश्यकता संग जोडीएका आयोजना, उत्पादन र आय आर्जन सम्बन्धी योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने ।

- ✓ संघीयताको सफल कार्यान्वयनको लागि संघले समयमै नीति, कानून तथा मापदण्डहरु निर्माण गर्नुपर्ने, स्रोतको न्यायोचित वितरण गर्नुपर्ने, साझा अधिकारको विषय लगायत शासन सञ्चालनका अन्य विविध विषयमा नेतृत्वदायी र नियमनकारी भूमिका निर्वाह गर्नुपर्ने, प्रदेशले संघ र स्थानीय तह बीच समन्वयकारी भूमिका खेल्नुपर्ने, स्थानीय आवश्यकतामा आधारित योजना तर्जुमा र सिफारिस गर्नु पर्ने, स्थानीय तहहरुसंग समन्वय र सहकार्य गर्नु पर्ने र स्थानीय तहले स्थानीय आवश्यकता पहिचान गरी योजना तर्जुमा गर्नुपर्ने, संघ र प्रदेशले जिम्मेवारी दिएका आयोजनाको सफल कार्यान्वयन गर्ने, स्थानीय आवश्यकता पहिचान गरी स्थानीय स्रोत साधनको सदुपयोग र संरक्षण गर्नुपर्ने ।
- ✓ स्रोत विनियोजन एवंम वितरणलाई भूगोल, जनसंख्या, स्रोत परिचालनको क्षमता, आन्तरिक स्रोत साधनको प्रर्याप्तता, विकासको अवस्था आदि समग्र पक्षलाई समेटनेगरी अझै वैज्ञानिक मापदण्डमा आधारित बनाउनुपर्ने साथै स्थानीय तहहरूले संकलन गरेको सेवा शुल्क तथा रोयल्टी माथि सोहि तहको अग्राधिकार रहने व्यवस्था गर्नुपर्ने ।
- ✓ राष्ट्रिय गौरवका आयोजनाहरुलाई आर्थिक तथा प्राविधिक स्रोत साधनको आवश्यक व्यवस्था मिलाउनुपर्ने साथै त्यस्ता आयोजनाहरुको सफलतापूर्वक कार्यान्वियन गर्न प्रदेश तथा स्थानीय तहले पुर्ण सहयोग गर्नुपर्ने ।
- ✓ स्थानीय तहमा हुनुपर्ने कार्यालयहरु तत्काल स्थापना गर्नुपर्ने । प्रदेश तथा स्थानीय तहमा कार्यरत संघका कर्मचारी आफु कार्यरत तहप्रति उत्तरदायि हुने कानूनी व्यवस्था गर्नुपर्ने साथै स्थानीय तहको कानून निर्माण प्रकृया र न्यायिक समितिको काम कारबाहीलाई प्रभावकारी बनाउन स्थानीय तहमा कानून समूहको कर्मचारी रहने व्यवस्था गर्नुपर्ने ।
- ✓ सार्वजनिक खरिद ऐन तथा नियमावलीको विद्यमान व्यवस्था कार्यमैत्री नदेखिएकोले तत्काल संशोधन गरी कार्यमैत्री वातावरण सृजना गर्नुपर्ने ।
- ✓ प्रदेश र स्थानीय तहको क्षमता अभिबृद्धिमा संघले आवश्यक सहयोग गरी संघीयताको भावना र मर्म अनुकूल कार्यसम्पादनमा प्रभावकारीता ल्याउनुपर्ने संघ, प्रदेश तथा स्थानीय तीनै तहबीच कानूनी तथा नीतिगत विषयमा, आयोजना छनौटमा, स्रोत पहिचान र परिचालनमा निरन्तर समन्वय हुनुपर्ने।
- ✓ निर्वाचन क्षेत्र पूर्वाधार विकास साझेदार कार्यक्रम सम्बन्धी विद्यमान व्यवस्थाले योजना छनौट प्रक्रियामा परामर्श समिति र निर्देशक समिति दुबैको भुमिका गौण बनाउने र संयोजकको भूमिकानै निर्णायक हुने हुँदा सो व्यवस्था न्यायोचित नदेखिएकोले तत्काल कार्यविधिमा परिमार्जन गरि समग्र प्रकृयामा समान अधिकार र दायित्व सृजना गनुपर्ने साथै संघीय संसदका सबै सदस्यहरुलाई बजेट विनियोजन र सञ्चालन प्रकृयामा विभेद नगर्ने गरि आवश्यक व्यवस्था गर्नुपर्ने ।

# अनुसूचिहरु

अनुसूची -१ कार्यपत्रहरु

अनुसूची -२ सहभागीहरुको उपस्थिती विवरण

अनुसूची -३ समूहगत छलफलको क्रममा सहभागीहरुले भरेका प्रश्नावलीहरु

अनुसूची -४ प्रादेशिक अन्तरक्रिया कार्यक्रमका तस्वीरहरु

# अनुसूची -१

# कार्यपत्रहरु

# अनुसूची -२
# सहभागीहरुको
# उपस्थिती विवरण

# अनुसूची -३
# समुहगत छलफलको क्रममा सहभागीहरुले भरेका प्रश्नावलीहरु

# अनुसूची -४
# प्रादेशिक अन्तरक्रिया कार्यक्रमका तस्वीरहरु